# समाचार सन्देश

वर्ष १९, अङ्क ११ आई.पी.एस्. लेख रचनाको सँगालो, असार ३२-साउन १५, २०६७ (जुलाई १६-३१, २०१०)


## चीनका आन्तरिक आप्रवासीलाई जीवन धान्न कठिन

– कीट जिलेट

बेइजिङ (**आई.पी.एस्./एन्.पी.आई.**) – छत्तीस वर्षीय लुओ फुसेङले परिवार धान्नका निम्ति कामको खोजीमा चीनको जियाङ्सीस्थित आफ्नो गृहनगर छाडेको एकदशक बितिसकेको छ । साक्षर तर अदक्ष श्रमिक लुओले झण्डै सातसय किलोमिटर दक्षिणको सेन्झेन सहरको एउटा कारखानामा सुरक्षाकर्मीको काम पाएका छन् ।

"म मासिक एक हजार युआन (१५० अमेरिकी डलर) मात्र कमाउँछु तर त्यो पनि मुश्किलले मात्र । मेरा रोजगारदाताले विभिन्न बहाना बनाएर सदैव मलाई कम ज्याला दिन्छन्," लुओले टेलिफोन अन्तर्वार्तामा बताए । चारजना छोराछोरीलाई पढाउनकै निम्ति उनी आफ्नो कमाईको अधिकाँश हिस्सा घर पठाउने गर्दछन् । उनले न्यूनतम तलब मात्र पाइरहेका छन् । "म आफ्ना केटाकेटीलाई आप्रवासी कामदार बनेको हेर्न चाहन्न । त्यसैले मैले उनीहरूलाई विद्यालय पठाउन हदैसम्मको प्रयत्न गरिरहेको छु ।"

लुओ एक्ला व्यक्ति भने होइनन् । जुलाईमा प्रकाशित सरकारी एक तथ्याङ्कका अनुसार चीनको आन्तरिक आप्रवासी कामदारको सङ्ख्या अहिलेसम्मकै सबैभन्दा उच्च रहेको छ । चीनको झण्डै एक अर्ब ३० करोड जनसङ्ख्यामध्ये कामको खोजीमा निस्कने चिनीयाको सङ्ख्या २१ करोड १० लाखको हाराहारीमा छ । प्रतिवेदनले सन् २०५० सम्ममा आप्रवासी कामदारको जनसङ्ख्या ३५ करोड पुग्ने औंल्याएको छ ।

लुओजस्तै धेरैजना आप्रवासीहरू निर्माण र कारखानामा अदक्ष कामदारका रूपमा काम गरिरहेका छन् । उनीहरू आफ्ना परिवारबाट छुट्टिएर बस्छन् र वर्षमा एकदुई हप्तामात्र परिवारका साथ रहन्छन् । उनीहरूले तुलनात्मकरूपमा लामो समयसम्म काम गर्नुपर्दछ र सहरीया मानिसले प्राप्त गर्ने सुविधाभन्दा ज्यादै न्यून आधारभूत अधिकार मात्र उपभोग गर्न पाउँछन् ।

चीनका कारखानामा कार्यरत मजदुरले पछिल्ला दिनहरूमा गरिरहेको आत्महत्याले आप्रवासी कामदारको नराम्रो अवस्थाको सङ्केत गर्दछ । चिनीया प्रधानमन्त्री वेन जियाबाओले जुनमा आप्रवासी कामदारका निम्ति सहरको बसाईमा सुधार ल्याउन आग्रह गरेका छन् । उनले ती श्रमजीवी आप्रवासी कामदारको योगदान महत्वपूर्ण रहेको समेत बताइसकेका छन् । "सरकार र समाजका सबै पक्षले आप्रवासी कामदार पनि आफ्नै सन्तती हुन् भनेर व्यवहार गर्नुपर्दछ," बेइजिङमा निर्माण भइरहेको भूमिगत मार्गको निरीक्षणका क्रममा सञ्चारमाध्यमसँग उनले भने ।


**अनुरोध**

**'समाचार सन्देश' का सामग्री पुनः प्रकाशन/प्रसारणका लागि तयार पारिएका हुन् ।**

**हामी सबै क्षेत्रबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।**

**– सम्पादक**

तथापि यहाँको नियम र कर्मचारी प्रशासन आप्रवासी-मैत्री भने छैन। उदाहरणका लागि, वर्षौंदेखि एउटा सहरमा बसेका आप्रवासी कामदारले जन्मेको वा दक्ष पेसा अंगालेको आधार प्रस्तुत नगर्दासम्म आधिकारिक आवासको अनुमति प्राप्त गर्न सक्दैनन् ।

आधिकारिक आवासको अनुमति नभई उनीहरूले आफ्ना बालबालिकाका निम्ति नि:शुल्क शिक्षाको सुविधा प्राप्त गर्न सक्दैनन्। यसैका कारण धेरैले छोराछोरीलाई परिवारका साथ आफ्नो गृहनगरमा छाडेर आउन बाध्य हुन्छन्। विस्थापनको अनुभूति यही परिस्थितिका कारण सिर्जना हुनेगर्दछ ।

चीनको राष्ट्रिय जनसङ्ख्या तथा परिवार नियोजन आयोगद्वारा जुलाईमा प्रकाशित प्रतिवेदनले चीनको आप्रवासी कामदारको औसत मासिक आम्दानी २८० अमेरिकी डलर रहेको देखाएको छ। भनिन्छ, उनीहरूका बालबालिकामध्ये १७.७ प्रतिशतले स्थानीय तवरमा खोप सुविधा पाएका छैनन्, २६.८ प्रतिशतले मात्र चिकित्सा सुविधा पाएका छन्, र ६० प्रतिशतभन्दा बढीले आफ्नो उपचारका निम्ति निजी खर्च गर्नुपर्दछ ।

"आप्रवासी कामदारको ठूलो हिस्सा मुलुकका निम्ति राम्रै काम गरिरहेको र यसले चीनको विकासमा मद्दत गरिरहेको छ भने आप्रवासीको शिक्षा र जीवनस्तर उकास्न सहयोग गर्न जरुरी छ," श्रम अनुसन्धाता लिऊ काइमिङले बताए । लिऊ आप्रवासीको कमजोर शिक्षाकै कारण प्रायश: शोषणमा पर्ने र आफ्ना कानुनी अधिकारको बारेमा अनिश्चित हुने गरेको बताउँछन् ।

"सन् १९८० को पछिल्लो दशक र १९९० को प्रारम्भिककालमा जन्मेको आप्रवासी कामदारको ८५ प्रतिशत नयाँपुस्ताले नौ कक्षा वा सोभन्दा कमको मात्र शिक्षा प्राप्त गरेका छन् - यो आवश्यकताभन्दा ज्यादै न्यून हो," उनले भने । चिनीया सञ्चार माध्यममा प्रकाशित समाचारले समेत आप्रवासी कामदारको शिक्षामा कमी भए पनि दश करोडको हाराहारीमा रहेको यही नयाँपुस्ताले पछिल्ला दिनहरूमा हडताल गर्न अग्रसर भएको र आफ्ना अधिकार तथा ज्यालामा सुधार गरेको उल्लेख गरेको छ ।

"पहिलो पुस्ताका आप्रवासी कामदारले कठिन जीवन बिताए पनि नयाँ पुस्ताले पनि त्यही नियती भोग्नुपर्दछ भन्ने केही छैन," पेकिङ विश्वविद्यालयका एसोसिएट प्राध्यापक लु हुइलिनले सरकारी स्वामित्वमा रहेको "चाइना डेली" पत्रिकालाई बताए। "परिस्थितिलाई सही ढङ्गबाट सम्बोधन नगरिएमा भविष्यमा अझ बढी समस्या उत्पन्न हुन्छ ।"

चीनमा रहेका होन्डा, टोयोटा र काल्सवर्ग लगायतका कारखानामा हालै भएका हडताल कामदारका पक्षमा सकारात्मक रहँदै टुङ्गिएको छ । हडताली कामदार आफ्नो ज्याला वृद्धि हुने आश्वासन पाएपछि काममा फर्केका थिए। तर यो उपलब्धीका निम्ति उनीहरूले अति कठिन चुनौतीको सामना गर्नुपरेको थियो ।

"सरकारले मध्यस्थताका क्रममा मजदुरलाई पनि छुट दिनुपर्दछ र तलबको वर्तमान स्तरवृद्धि गर्ने तथा जनतालाई अनुगमन गर्ने अवसर दिनुपर्दछ," ठूलो सङ्ख्यामा कारखाना रहेको दक्षिणी गुआङजोन प्रान्तमा रहेका श्रमअधिकारकर्मी झाओ क्विसानले बताए ।

"आप्रवासी कामदारलाई भिन्नरूपमा व्यवहार गरिन्छ । तिनीहरूले अत्यन्त कठिन र जोखिमपूर्ण काम गरिरहेका हुन्छन् जबकी उनीहरूले नै कम ज्याला पाइरहेका छन्," उनले अन्तर्वार्तामा बताए। हालसम्म चिनीया श्रमिकहरूले आफ्ना श्रम युनियनमा प्रतिनिधित्व गर्न पाएका छैनन् र आप्रवासी कामदारले त आफ्ना कार्यस्थल, घण्टा र आवासको अवस्थाका सम्बन्धमा अझ सीमित मात्र कुरा राख्न पाउँछन्। त्यसैगरी, हरेकवर्ष लाखौं आप्रवासी कामदार रोजगारीको खोजीमा भौंतारिइरहेको अवस्थामा उनीहरूलाई शोषण गर्न अझ अनुकूल वातावरण बनेको छ ।

# श्रीलङ्कामा भुईंचालोको सिलसिला, त्रासदीको झझल्को अझै

– अमान्था परेरा

डचबार, श्रीलङ्का (**आई.पी.एस्./एन्.पी.आई.**) – समुद्रको गर्जन उठ्नासाथ जानोसिनी मौरासिनी पातझैं काँप्न थाल्छिन्। दुई सन्तानकी ती २९ वर्षीया आमाले त्यसरी काँप्नुपर्ने कारण पनि छ: मौरासिनीले डिसेम्बर २६, २००४ मा आएको समुद्री सुनामीबाट मुश्किलले ज्यान बचाएकी थिइन्। यही सुनामीका कारण केही मिनेटभित्रै श्रीलङ्कामा ३५,००० को मृत्यु भएको थियो।

श्रीलङ्काली राजधानी सहर कोलम्बोबाट करिब ३०० किलोमिटर पूर्वी तटीय क्षेत्र डचबारका गाउँमा पसेको भिमकाय छालले बर्बाद गरेको थियो। मौरासिनीले त्यसलाई केही समय हेरिन्। तर छालले उनलाई भेट्टायो। उनका श्रीमान्ले टुलुटुलु हेर्नुबाहेक केही गर्न सक्ने अवस्था थिएन। उनलाई मिल्काइएको गुडियाझैं पानीको छालले बगाएर लग्यो।

त्यस दु:खदायी घटनाका सम्बन्धमा उनलाई अरु धेरै सम्झना छैन तर त्यस दुष्ट पानीमा चक्कर लगाएको अनुभूति उनलाई भएको थियो। उनलाई छालले गुट्मुट्याएर लैंजादा केही समाउन पाइन्छ कि भनेर उनले निकै कोसिस पनि गरिन्। अन्तत:, उनले एउटा इनारको आड पाइन् र त्यही इनारभित्र हाम फालिन्। लडेको नरिवलको रुखको सहायताले उनी आश्चर्यजनक ढङ्गबाट बाहिर निस्कन सफल भइन्। इन्डोनेसियाको समुद्री किनारमा भुकम्प आएपछि त्यसले सुनामीको रूप लिएको थियो।

"यो दु:स्वप्न नै हो र यस्तो कहिल्यै नहोस् भन्ने चाहन्छु। के भयो भनेर यस कुरालाई म फेरि सोच्न पनि सक्दिन। यी वर्षहरूमा मैले यसलाई बिर्सने अनेक प्रयत्न पनि गरेकी छु," उनी भन्छिन्। उनको सबैभन्दा ठूलो चिन्ता नै यस्तो त्रासदी पुन: भोग्नु नपरोस् भन्ने छ।

जुन १३ को बिहानै सुनामी आउनसक्ने चेतावनीको साइरन बज्नासाथ मौरासिनीको मुटुको धड्कन एकाएक बढ्यो। डचबारमा २००४ मा भएको दुखान्तपश्चात् निर्माण गरिएको चारैतर्फ माइक जोडिएको ठूलो रातो त्यस टावरबाट निरन्तर साइरन बजिरह्यो: यसले गाउँलेलाई तत्कालै सुरक्षित स्थलतर्फ जाने सन्देश दिएको थियो।

साइरन बज्नासाथ डचबारका स्थानीय बासिन्दाले सम्भाव्य छालबाट बच्नका निम्ति आफ्ना घर छाडेका थिए र धेरैजसो

रात्रिकालीन कपडामै थिए । यही भागदौडबीच प्रहरीको जिप लुटेराबाट गाउँलेको सम्पत्ति संरक्षण गर्न खाली गाउँमा प्रवेश गरेको थियो भने उनीहरूले तटीय क्षेत्रमा अन्य व्यक्ति भए नभएको जानकारी लिएका थिए ।

“कोही बचेनन्,” डचबारकी ४५ वर्षीया आनो सुजिथाले बताइन् । सन् २००४ को सुनामीमा उनले आफ्नै आमा र अन्य धेरैजना नातेदार गुमाएकी थिइन् । डचबारमा मात्र मानिसलाई सुरक्षित स्थलमा पुऱ्याइएको भने होइन । यही दृश्य जुनको बिहानीमा धेरैवटा तटीय गाउँमा पनि जारी थियो । सुनामीको चेतावनी नहट्दासम्म हजारौं श्रीलङ्कालीहरू सुरक्षित स्थलतर्फ भागेका थिए । डचबारबाट ३० किलोमिटर भित्र रहेको दुर्गम गाउँ पानीन्चनकर्नीमा समेत साइरन बजाइएको थियो । यही साइरनका माध्यमबाट स्थानीय जनताले प्रशस्त समय प्राप्त गरुन् भन्ने चाहना राखिएको थियो ।

पानीन्चनकर्नीको तटीय क्षेत्रमा छाप्रो हालेर बसेका माझी डोमिनिक सिल्भा भने प्रहरीले बोलाएपछि मात्र उठेका थिए । “पछिल्लोपटक देखेको सुनामी झण्डै २० फिट (६ मिटर) अग्लो थियो,” सिल्भा भन्छन् । २००४ को सुनामीका क्रममा उनी चर्चबाट भर्खरै बाहिर निस्कदै थिए । त्यसबखत ३० मिटर टाढाका छाप्राभन्दा माथिबाट समुद्री छाल उर्लेको थियो र मानिसहरू आफूलाई बचाउन दौडधुप गरिरहेका थिए ।

स्थानीय भूगर्भविद् सि.बी. दिसानायके श्रीलङ्का भूकम्प प्रभावित क्षेत्र रहेको र २००४ को सुनामीयता पनि धेरैवटा भूकम्पका झड्का महसुस गरिएको बताउँछन् । “२५ वर्षभन्दा अघि श्रीलङ्कामा भूकम्प आएको भनेर मानिसहरूले बिरलै कुरा गर्थे । आजभोलि, सबैलाई थाहा छ श्रीलङ्कामा भूकम्पीय झड्का बारम्बार आइरहेको छ र यो प्रवृत्ति विगतमा भन्दा बढी हुने गरेको छ,” उनले लेखेको पछिल्लो अनुसन्धानमूलक लेखमा उल्लेख छ ।

“सन् २००४ अघि कसैले सुनामीले श्रीलङ्कामा व्यापक क्षति गर्दछ र हजारौं मानिस मारिन्छन् भन्ने कुरा गर्दा धेरै मानिसले त्यसलाई हाँसोमा उडाउँथे,” दिसानायके भन्छन् । तर भौगर्भिक क्रियाकलापको अध्ययन गर्दा श्रीलङ्कामा अर्को सुनामीको सम्भावना टरेको छैन ।

सन् २००४ देखिनै श्रीलङ्काले प्रकोप न्यूनीकरण र प्रारम्भिक चेतावनीको क्षमता विकसित गर्नेतर्फ कार्य गरेको छ । अग्रिम जानकारी गराउन र सरकारका सम्बन्धित निकाय तथा प्रहरीलाई खबर गर्न प्रकोप व्यवस्थापन केन्द्र स्थापना गरिएको छ । यो केन्द्र प्रारम्भिक चरणमै रहे पनि जनताले कम्तीमा अग्रिम चेतावनीयुक्त साइरन जडान भएको कारणबाट खुशी भएका छन् । अधिकारीहरूले तटीय क्षेत्रहरूमा सुरक्षित र अग्ला ठाउँको गन्तव्यसूचक मार्गदर्शन पाटी स्थापना समेत गरेका छन् ।

“सन् २००४ मा के गर्ने भन्ने विषयमा हामीलाई नै थाहा थिएन । अहिले भने कम्तीमा हामीले अग्ला ठाउँमा जानुपर्छ भन्ने बुझेका छौं,” सुजिथा भन्छिन् । अधिकारीहरूले हालै १४ वटा तटीय गाउँमा सुनामी उद्धार अभ्यास सञ्चालन पनि गरेका छन् ।

आतङ्कपूर्ण अर्को ठूलो छाल पूर्वी तटीय क्षेत्रबाट त्यति टाढा भने छैन । यस क्षेत्रले छ वर्ष अघि व्यहोरेको मृत्यु र क्षति अकल्पनीय छ । डचबारबाट ३० किलोमिटर दक्षिणमा रहेको सैनाथिमारुथु गाउँमा मात्र झण्डै तीनहजार मानिसको ज्यान गएको विश्वास गरिएको छ । डचबारमा मारिएका मानिसको सङ्ख्या पनि सयौं रहेको थियो ।

सुनामी स्मृतिका कम्तीमा तीनवटा स्मारक त्यहाँ बनाइएका छन् । मौरासिनी त्यही स्मारकको फेदमा बसेर सुनामी आउनुअघिकै अवस्थामा फर्कन पाए हुन्थ्यो भन्ने चाहना व्यक्त गर्छिन् । “यसले के गर्दो रहेछ अब हामीले बुझ्यौं,” उनी भन्छिन् । “कम्तीमा अर्कोपटक, हामी सुरुमै तयारी गर्छौं र हामीलाई छालले भेट्टाउनुअघि नै सुरक्षित स्थलमा पुग्नेछौं ।”

# श्रीलङ्कामा गृहयुद्ध पीडित महिलाहरू बाँच्नका निम्ति सङ्घर्षरत

– अमान्था परेरा

वहाराइ, श्रीलङ्का (**आई.पी.एस्./एन्.पी.आई.**) – यस पूर्वी तटीय गाउँमा खलखली पसिना चुहाउने औधि गर्मी थियो । बादलका टुक्रा समेत नदेखिने आकाशबाट सूर्यको किरण सोभै पृथ्वीमा फैलिएको छ र यसले मानिसको छाला डढाएको छ । सहरको बीचबाट गएको यस खण्डहरभैं लाग्ने सडकमा यस्तो प्रतिकूल मौसममा बाहिर निस्कनु मुर्खताबाहेक अरु केही होइन ।

बाट्टिकोलोवाभन्दा उत्तर-पश्चिम करिब ६५ किलोटिर टाढा रहेको वहाराइस्थित मुख्य सरकारी कार्यालयको अघिल्तिर यस प्रचण्ड गर्मीको बेवास्ता गरी यही सडकमा भण्डै एकसय मानिस प्रतिक्षारत छन् । तीमध्ये अधिकांश विभिन्न उमेर समूहका महिलाहरू छन् । घामले डढेको अवस्था भए पनि केही महिलाले आफ्ना केटाकेटी आफूसँगै लिएर आएका छन् । ठूलो रुखमुनी आश्रय लिएर बसेका उनीहरूले केहीअघि भरिएका फारम हातमा लिएका छन् । उनीहरू वहाराइस्थित उच्च सरकारी अधिकारी डिभिजनल सचिवसँग भेट्नका निम्ति त्यहाँप्रतिक्षारत छन् ।

"मैले यी कागजात फरफारक गर्नुछ किनभने यो नभई जमिनको स्वामित्व मेरो नाममा आउँदैन," २९ वर्षीया आमा नवुनाद सुधाले भनिन् । "हामीले सजिलोरूपमा यताउता घुमफिर गर्नका निम्ति समेत सरकारी कार्यालयमा दर्ता गराउनुपर्दछ ।" सुधाको कथा पूर्वी श्रीलङ्काका जनताको भैं विशिष्ट छ । यो क्षेत्र उत्तरको तामिल अल्पसङ्ख्यक बसोबास गर्ने स्थानजस्तै पृथकतावादी युद्धबाट प्रभावित रहेको थियो ।

एकवर्ष अघि युद्ध समाप्त भएपछि सुधाजस्ता मानिसले केही सास फेर्न पाएका छन् । आफ्नो परिवार र पाँचवर्षीय छोराका साथ सुधाले सन् २००८ को मध्यतिर आफ्नो गाउँबाट भागेकी थिइन् । यही समय उत्तरी र पूर्वी क्षेत्रमा नियन्त्रण गरिरहेका लिवरेसन टाइगर्स अफ तमिल इलम (एलटिटिई) का विरुद्ध श्रीलङ्काली सुरक्षाफौजले अन्तिम, निर्णायक युद्ध छेडेको थियो । मृत्युको त्रासदीबीच उनी अन्ततः मे २००९ मा युद्धमोर्चाबाट आफूलाई सुरक्षित राख्दै सरकारी पक्षले तयार गरेको सुरक्षित इलाकामा प्रवेश गरिन् । उनी त्यहाँबाट भागेको दुईदिनभित्रै सैनिकले टाइगर्सलाई पराजित गरेका थिए ।

सुधाजस्ता नागरिकले सन् १९८० को प्रारम्भदेखि नै अलग्ग राज्यको माग गर्ने एलटिटिई र श्रीलङ्काली सरकारबीचको द्वन्द्वको पीडा सहनु पर्‍यो । तर युद्ध समाप्त भएपछि पनि धेरै महिलाका निम्ति बाँच्नका निम्तिको सङ्घर्ष जारी छ ।

यहाँ उपलब्ध हुने गरेका अधिकाँश कामहरूमा भवन निर्माण, जङ्गल सफाई, माछा मार्ने र खेतीपाती लगाउने नै हुन् र यी काममा पुरुषको बर्चस्व छ । युद्धमा श्रीमान् र छोरा गुमाएका परिवारका महिलाका निम्ति त परिस्थिति अभ दर्दनाक छ किनभने परम्परागत पितृसत्तात्मक समाजमा उनीहरू नै परिवारको जीविकाको प्रमुख आधार हुन् ।

सुधाको जन्म वहाराइको ठीक उत्तरमा अवस्थित कादिरावेली

गाउँमा भएको थियो । तर उनको प्रेम उत्तरी जाफ्नाका एकजना व्यक्तिसँग भयो । उनीहरूले विवाह गरे, उत्तर गए र अन्त्यमा पुहतुक्कुडिरूपपुमा बसोबास गरे । यो ठाउँ सरकारी फौजले गतवर्ष नियन्त्रणमा लिनुअघिसम्म टाइगर्सको अखाडा थियो ।

आफ्ना श्रीमान् एलटिटिईमा प्रवेश गरेकोमा सुधालाई केही भन्नु थिएन । उनले एलटिटिईसँगको मोर्चामा रहेर युद्ध गरे, उनी स्वीकार्छिन् । तर उनले सन् २००७ को मध्यदेखि अन्तिम चरणको युद्ध आरम्भ भएपछि एलटिटिई परित्याग गरे ।

सरकार नियन्त्रित क्षेत्रतर्फ प्रवेश गरेपछि सुधाका श्रीमान् टाइगर्ससँग सम्भावित सम्पर्क रहेको आधारमा पक्राउ परे, र अहिले पनि उनी थुनामा छन् । "मैले मन्त्री, रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आइसिआरसी) र अन्य धेरैलाई पत्र लेखेकी छु तर मैले कतैबाट जवाफ पाएकी छैन," उनले भनिन् ।

सरकारी अधिकारीलाई आफ्ना श्रीमान् कट्टर पृथकतावादी नभई सामान्य घरगृहस्थी गर्ने व्यक्ति रहेको भन्दै विश्वास दिलाउने प्रयत्न गरिरहेकी छन् । यहीक्रममा उनले आफ्नो परिवार पनि पाल्नु परेको छ । उनी आफ्नो घर वहार इ फर्केर सानो सिलाई व्यवसाय सञ्चालन गर्न थालेकी छिन् । "मैले आफ्ना सबै गरगहना बन्धकी राखेकी छु । मैले सानो बुटिक खोल्नका निम्ति ऋण वा अनुदान पाइन्छ कि भनेर कोसिस गरिरहेकी छु," सुधाले भनिन् ।

सुधाको जस्तै समस्या युद्ध प्रभावित क्षेत्रका धेरै महिलामा समेत छ । वहाराइबाट करिब ८० किलोमिटर टाढा रहेको पिल्लुमलाइमा २० वर्षीया सरोजादेवी रामनाथन विगतका कुरा बिर्सेर नयाँ जीवनको खोजी गर्न भरमग्दुर प्रयासरत छिन् । सन् २००६ को मध्यदेखि उनको जीवन जहाँको त्यहीं छ ।

यसबखत श्रीलङ्काली फौजले श्रीलङ्काको पूर्वी प्रान्तमा टाइगर्सले नियन्त्रण गरिराखेका क्षेत्रमा व्यापकस्तरको सैनिक कारबाही आरम्भ गरेको थियो । कम उमेरका नागरिकलाई जबर्जस्ती फौजमा भर्ना गर्ने भनेर कुख्यात मानिएको टाइगर्स नयाँ भर्नाका निम्ति तिलमिलाएको थियो ।

सोह्र वर्षकी हुँदा रामनाथन टाइगर्सका निम्ति अत्यन्त राम्रो छनौटमा पर्थिन् । त्यसैकारण, उनका बुबाआमाले टाइगर्सका आँखामा उनलाई कहिल्यै पर्न नदिने अठोट लिए । उनी स्कुल जान छाडेर अधिकांश समय घरभित्रै बस्न थालिन् । "जबर्जस्ती सेनामा भर्ना हुनबाट बच्ने यो उनीहरूका निम्ति यो मात्र एउटा तरिका थियो ।"

सन् २००७ को आरम्भमा यो परिवार त्यहाँबाट भाग्यो र करिब एकवर्षपछि मात्र फर्कियो । तर रामनाथन अहिले विस्मृतिको रूपमा छिन् । उनी विद्यालय जान ठूली भइसकिन्, अन्य काम गर्न सानै र अनुभवहीन छिन् । त्यसैकारण, उनी अहिले पनि ज्यादाजसो समय घरमै बस्छिन् । "म के गर्न सक्छु र ? मेरा माफी बुबालाई सहयोग गर्न म सक्दिन, त्यसैले म भान्साघरमा आमालाई काम सघाउँछु," उनी भन्छिन् ।

विवाह पनि उनका निम्ति सबैभन्दा राम्रो छनौट हुनसक्छ तर जीवनमा सहजता आउला भनेर ठोकुवा गर्न सकिने अवस्था छैन । यहाँ रोजगारीका अवसर ज्यादै सिमित छन् र महिलाका निम्ति त अझ कम । रामनाथनका छिमेकी १८ वर्षीय रवीन्द्रनाथन वलारमादुले महिनाको करिब १७ डलर कमाउँछन् । उनी दुग्ध सङ्कलन केन्द्रमा हप्ताको छ दिन काम गर्दछन् । "मैले पाउने रोजगारी पनि यस्तै हुनसक्छ," उनले बताइन् ।

# मलेसियामा निर्णय-निर्माण तहमा महिलाको सङ्ख्या न्यून

– अनिल नेट्टो

पेनाङ, मलेसिया (**आई.पी.एस्./एन्.पी.आई.**) – ठीकै छ यो विरोधाभाष हो । न्यून आय भएका कामदारमाथि परेको प्रभाव विषयमा आफ्नो राजनीतिक दलले आयोजना गर्ने प्रदर्शन र अन्य क्रियाकलापमा भाग लिनेमध्ये आधाभन्दा बढी महिलाहरू हुने गर्दछन्, मलेसियाली समाजवादी पार्टीकी रानी रसिआ भन्छिन् ।

तर पार्टीको स्थानीय शाखाका पदहरू लिनेक्रममा भने आधाभन्दा बढी स्थानमा पुरुष नै हुने गर्दछन्, उनी भन्छिन् । “सायद महिलाहरूले घरमा जिम्मेवारी रहेको अनुभूति गर्दछन् र पार्टीका नियमित बैठकमा उपस्थित हुन पाउँदैनन्,” पार्टीका उपमहासचिव कारण खोल्छन् ।

“राति घरबाहिर जान अथवा पार्टीका नियमित बैठकमा भाग लिन घरमा पनि महिलालाई केही हदसम्मको नियन्त्रण हुन्छ,” उनी थप्छिन् । “सायद महिलामा नेतृत्वदायी भूमिका निर्वाह गर्न आत्मविश्वासको कमी छ ।”

तर यस भिन्नताले मलेसियामा निर्णय-निर्माणमा महिलाको भूमिकाका अन्य प्रवृत्तिलाई पनि उजागर गर्दछ । यद्यपि, केही महिलाले राजनीति वा व्यवसायका क्षेत्रमा महत्वपूर्ण प्रगति हासिल गरेका छन् । यस्ता पदहरूमा विगतमा पुरुषको बर्चस्व रहने गरेको थियो ।

उदाहरणका लागि, मलेसियाको केन्द्रीय बैंक, बैंक नेगाराका गभर्नर र सेक्युरिटी आयोगको प्रमुखको रूपमा महिलाले जिम्मेवारी पाएका छन् ।

तर नेतृत्वको अवस्था झल्काउने समग्र सूचकहरू हेरौं । महिलाले सार्वजनिक र निजी क्षेत्रको निर्णय-निर्माण तहमा औसतमा १४ प्रतिशत स्थान ओगटेका छन्, मलेसियाका निम्ति राष्ट्रसङ्घीय कार्यालयकी अनुसन्धाता सेसिलिआ नेजीको प्रतिवेदनमा भनिएको छ । राजनीतिक क्षेत्रअन्तर्गत सिनेट, संसद र राज्य विधानसभामा निर्वाचित प्रतिनिधिमध्ये महिलाको सङ्ख्या क्रमशः २८.८ प्रतिशत, १०.४ प्रतिशत र ८प्रतिशत मात्र छ । मलेसिया सरकारले सन् २००४ मा गरेको घोषणामा सार्वजनिक क्षेत्रको निर्णय-निर्माण तहमा ३० प्रतिशत पुऱ्याउने लक्ष्यभन्दा यो ज्यादै न्यून छ ।

कार्यस्थलमा समेत ४५ प्रतिशतमात्र महिलाहरू संलग्न रहेका छन् । तर, उनीहरूले उही कामका निम्ति पुरुषको भन्दा कम ज्याला पाइरहेका हुन्छन्, विपक्षी सांसद चोङ एङ भन्छिन् । संक्षेपमा, सरकारी, निजी वा अन्य क्षेत्रमा केही उच्चपदस्थ पदमा महिलाहरू हुनुभन्दा लैंगिक समानतालाई तल्लो तहसम्म विस्तार गर्ने हो भने उनीहरूको निर्णय-निर्माणमा प्रमुख भूमिका हुनुपर्दछ भन्ने केही अधिकारकर्मीको तर्क छ ।

सरकारले सुशासनको कुरा गरिरहँदा लैंगिक समानताको पक्षलाई बिर्सने गरिन्छ, उत्तर-पश्चिम पेनाङस्थित सुशासन र लैंगिक समानता समाजका सचिव प्रेमा देवराज बताउँछन् । सुशासन सरकारले कसरी शासन गर्दछ र निर्णयलाई कार्यान्वयन गर्दछ भन्नेमा मात्र सीमित हुँदैन । सरकारले स्थापना गरेका यी संस्थाले कसरी निर्णय गर्दछन् भन्ने हेरिन्छ, उनी भन्छिन् । राम्रो सुशासनअन्तर्गत बढीमात्रामा प्रतिनिधिमूलक निर्णय निर्माण गरिने र त्यसमा महिलालाई सहभागी गराउने भन्ने हो ।

"लैंगिक समानताको कुरा गरिरहँदा हामीले समानताको कुरा पनि गरिरहेका हुन्छौं," उनी भन्छिन् । यसको अर्थ हो महिला र पुरुष दुवैलाई पहुँच, अवसर र फाइदाको अर्थपूर्ण समानता हो । सतहमा मुस्लिम बाहुल्य मलेसियाले लैंगिक सम्बन्धित नीतिहरूमा धेरै प्रगति गरेको छ । यसले लैंगिक समानता र महिला सशक्तीकरणसम्बन्धी धेरैवटा अन्तर्राष्ट्रिय प्रतिबद्धतामा हस्ताक्षर समेत गरिसकेको छ ।

यसको राष्ट्रिय महिला नीति सन् १९८९ मै तयार भएको हो । धेरैवटा विषयलाई थाँती राखेर भए पनि मलेसियाले बालअधिकार तथा महिला विरुद्ध हुने सबै प्रकारका विभेदसम्बन्धी महासन्धीलाई अनुमोदन गरिसकेको छ । सन् २००१ मा मलेसियाले कुनै पनि रूपको लैंगिक विभेदलाई निषेध गर्नेगरी सङ्घीय संविधानलाई संशोधन समेत गरेको छ ।

यी उपायले धेरै नै परिवर्तन ल्याएको अनुमान लगाउन सकिन्छ । राष्ट्रसङ्घीय विकास कार्यक्रम र मलेसियाली सरकारद्वारा संयुक्तरूपमा विकसित गरिएको मलेसियाली लैंगिक अन्तरले सन् १९८० मा ०.३४ ( सबैभन्दा उच्च १ मानिएको) रहेकोमा सन् २००४ मा ०.२४ मा पुगेको देखाएको छ ।

तर शिक्षा (०.०२४६) र स्वास्थ्य (०.०९९) मा यो अन्तर कम भए पनि आर्थिक क्रियाकलाप (०.२४७) र महिला सशक्तीकरण (०.५७९) जस्ता क्षेत्रमा महिला र पुरुषबीचको भिन्नता व्यापक रहेको देखिन्छ । विश्वव्यापी श्रेणीको अध्ययनले समेत मलेसियाले अझ धेरै गर्न बाँकी रहेको देखाउँछ । राष्ट्रिय तहमा केही सुधारका काम भए पनि यसको विश्वव्यापी लैंगिक सूचक सन् २००६ को ७२ बाट सन् २००९ मा १११ मा झरेको छ ।

"अन्य मुलुकहरूले धेरै प्रगति गरिरहेका छन् जबकी हामी राजनीतिक सहभागिता र अन्य श्रमशक्ति सहभागिता दरमा अल्झिएका छौं," मलेसिया साइन्स विश्वविद्यालयको महिला विकास अनुसन्धान केन्द्रकी प्राध्यापक नेजीले आईपीएसलाई बताइन् ।

"महिला र पुरुषका चाहना फरक छन्, र हामीले यी फरक चाहनालाई बुझेर स्रोतसाधन छुट्याउनु पर्दछ," चोङले भनिन् । "रोजगारीको सम्बन्धमा कामदार महिलाका चाहना फरक छन्, खासगरी बालबालिकाको हेरचाहको सम्बन्धमा ।" महिला र पुरुषको चाहनालाई नीतिले कसरी प्रभावित गर्दछ भन्ने मुख्य विषय नै "ग्रामीण-सहरी, जातिगत र लैंगिक अन्तरलाई कसरी बजेटले सम्बोधन गर्दछ" भन्नेमा निर्भर गर्दछ, चोङ भन्छिन् ।

# आत्मघाती आक्रमणले पाकिस्तानी जीवन कष्टकर

– जोफिन इब्राहिम

लाहोर (आई.पी.एस्./एन्.पी.आई.) – अन्य शुक्रबारे बिहानी झैं ११ औं शताब्दीको सुफी सन्त हजरत अली हाजवेरीको लाहोर सहरको भित्री भागमा रहेको भाट गेट नजिक ठूलो सङ्ख्यामा मानिस भेला भएका थिए। अपराह्नसम्ममा त्यस स्थानमा अझ ठूलो भिड लाग्यो र यो नियमित शुक्रबारे नमाजका निम्ति थियो ।

लाहोरका अधिकांश मानिसले यस उत्तरी पाकिस्तानी सहरको संरक्षकको भूमिका निर्वाह गरेका सन्तलाई राखिएको यस पवित्रस्थलमा यसपटक बेग्लै दृश्य देखिएको छ। पुन: एकपटक अघिल्लो रात दुईजना आत्मघाती बम हमलाकारीले त्यस स्थलमा बम बिस्फोट गराएका थिए। यस हमलामा परेर ४४ जनाको मृत्यु हुनुका साथै १७० भन्दा बढी घाइते भएका थिए। सन् २००१ यता पाकिस्तानमा सुफी पवित्रस्थलमा भएको यो सबैभन्दा गम्भीर प्रकृतिको हमला थियो ।

“मैले मानिसका शरीरका अङ्गहरू जताततै छरपस्ट भएको देखें, केही त पर्खालमा समेत टांसिएका थिए,” आज टेलिभिजनका बरिष्ठ संवाददाता रियाज अहमदले बताए। उनी सो घटनास्थलमा १० मिनेटभित्रै पुगेका थिए । “तपाईं बगरेको पसलमा पुगेजस्तो दृश्य थियो । जलेका मानवको मासुको खारिलो गन्ध त्यहाँ थियो ।”

उनी बिहानसम्म त्यहीं रहे र कति मानिस त्यहाँ आए भनेर प्रत्यक्ष अवलोकन पनि गरे। अहमदको टिप्पणी छ: “यसले लडाकूप्रति आम जनताको खुलेआम प्रतिरोधी भावना झल्काएको छ।” अहमदको भनाइमा उनी “आजभोलि रगत र रक्ताम्य अवस्थाप्रति बानी परिसकेको” बताउँछन् । विगत दुईवर्षमा उनले धेरैवटा त्यस्ता हिंसात्मक आक्रमणको समाचार सम्प्रेषण गरिसकेका छन् । उनले आज टेलिभिजनमा संलग्न हुनुअघि अपराध संवाददाताको रूपमा झण्डै दुईदशक काम गरिसकेका छन् । तर धेरैजसो सर्वसाधारण पाकिस्तानीमा यी हिंसात्मक घटनाप्रति वितृष्णा जाग्न थालेको र उनीहरू यस्ता घटनालाई वास्ता गर्न छाडेको उनी बताउँछन्।

कलाकार रबीया मुम्ताज जुलाई १ मा पवित्रस्थलमा आक्रमण भएको खबर सुने पनि आफूले यसलाई बेवास्ता गर्दै त्यही रात घरमा आयोजना गरिएको डिनर पार्टीमा सहभागी हुन गएको बताउँछिन्। उनी केही दु:खित हुँदै भन्छिन्, “मेरो संवेदनालाई जोगाउने भरमग्दुर प्रयत्न गरे पनि यस्ता घटना सुन्ने मेरो त बानी नै परिसक्यो ।”

फेसन संवाददाता हानी ताहा पनि असुरक्षाका कारण स्थान विशेषलाई देखाउन चाहन्नन् । “हामीले बस्न छाडेका छैनौं किनभने हामीसँग अर्को विकल्प छ त ?” उनी भन्छिन्। “हिंसाबाट मुक्त हुन चाहनुहुन्छ भने तपाईंले क्यानडा वा अस्ट्रेलिया प्रवासमा जानेतर्फ गम्भीररूपमा विचार गर्नुपर्ने हुन्छ ।”

वास्तवमा, निरन्तररूपमा जारी हिंसाको चपेटामा परेको मुलुकमा बसोबास गरेको व्यक्तिका निम्ति यो बाँच्ने रणनीति हुनसक्छ । इस्लामाबादस्थित पाकिस्तान शान्ति अध्ययन इन्स्टिच्युट (पिआईपीएस) का अनुसार सन् २००९ मा मात्र पाकिस्तानमा दुईहजार ५८६ वटा आतङ्कवादी, विद्रोही र जातीयरूपका आक्रमणका घटना भएका छन्।

यी घटनामा परेर झण्डै तीनहजार २१ जनाको ज्यान गएको छ भने सातहजार ३३४ जना घाइते भएका छन्, इन्स्टिच्युटको सन् २००९ को प्रतिवेदनमा उल्लेख छ । सबैभन्दा बढी आक्रमणका घटना खिबर पख्तुनख्वा प्रान्त (१,१३७ वटा) मा भएका छन् भने बलुचिस्तानमा सातसय ९२ वटा घटना भएका छन्। सङ्घीय प्रशासित आदिवासी क्षेत्र (एफएटिए) मा पाँचसय ५९ वटा आक्रमणका घटना भएका छन्।

पञ्जाबमा ४६, सिन्धमा ३०, इस्लामाबादमा १२ र गिलगिट-बाल्तिस्थान र पाकिस्तान प्रशासित काश्मिरमा पाँचपाँच वटा आक्रमण भएका छन् । यीमध्ये ८७ वटा आत्मघाती आक्रमण थिए जुन सन् २००८ को तुलनामा ३२ प्रतिशतले बढी हो, पिआईपीएसले भनेको छ ।

विज्ञहरूले भनेका छन् कि सन् २००८ मा भएका आत्मघाती आक्रमण मुख्यरूपमा सुरक्षाकर्मीमाथि लक्षित थिए तर २००९ मा लडाकूहरूले कलेज र पूजास्थलजस्ता दुर्बल स्थानमा आक्रमणको निसाना बनाएका छन् । यथार्थमा, जनवरी २०१० देखि जुलाई ९ सम्म भएका नौ वटा आक्रमणका घटनामध्ये दुईवटा मात्र सैनिक वा राजनीतिक निसानामा केन्द्रित भएका छन् । एउटा घटना भलिबल खेल मैदानमा भएको छ भने अर्को घटना नागरिक अस्पतालमा भएको छ । यहाँस्थित पवित्रस्थलमा आक्रमण गरेको केही दिनमै एफएटिएस्थित मोहम्मद एजेन्सीको व्यस्त बजारमा गराइको आत्मघाती आक्रमणमा परेर १०४ जनाको मृत्यु हुनुका साथै कम्तीमा १२० जना घाइते भएका थिए । ताहा भन्छिन्, उनी उग्रवादी विचारबाट आफूलाई सुरक्षित राख्न हरसम्भव कोसिस गरिरहेकी छिन् । "पाकिस्तान लडाकूका निम्ति हो, उनीहरू विस्फोट, विद्युत् अवरोध, बन्द हडताल भए पनि अगाडि बढिरहेका हुनेछन् ।"

तथापि, ६३ वर्षीय व्यापारी राउफ इन्जिनियरजस्ता व्यक्ति पनि छन् जो आतङ्कवादी आक्रमणप्रति कहिल्यै सहानुभूति प्रकट गर्न चाहँदैनन् । "मुर्दा र निर्जीवले मात्र यस्तो गर्नसक्छ, जिउँदो व्यक्तिले गर्न सक्दैन," कराँची निवासी उनले भने । सुफी पवित्रस्थलमा आक्रमण भएको बारे टेलिभिजनमा खबर हेरेपछि उनी बिरामी झैं भएका थिए ।

दुई बच्चाकी आमा ४८ वर्षीया यासमिन अली भन्छिन्, "यस्तो दु:खदायी घटनालाई कसरी सही ठहऱ्याउन सकिन्छ ? प्रत्येक आक्रमणबाट हुने क्षति पनि हाम्रै हो, हाम्रो मानवताकै क्षति पनि हो ।"

अन्य व्यक्तिहरू भने सरकारले व्यक्ति हत्यालाई रोक्नुपर्ने तर्क गर्दछन् । प्रतिरक्षा विश्लेषक आयेशा सिद्धिकी भन्छिन् : "यस्ता समूहले प्राप्त गर्ने निरन्तरको सहयोग घातक हुन्छ भनेर हाम्रो सुरक्षाफौजलाई कसरी आश्वस्त तुल्याउन सकिन्छ ?" उनी भन्छिन् सरकारले अतिवादीको पञ्जाबाट मुक्त हुन चाहेको कुरा सर्वप्रथम निर्णय गर्नुपर्दछ ।

गुप्तचर ब्युरोका पूर्वमहानिर्देशक मसुद सरिफ खट्टाक भन्छन्, "आज जुन अवस्था छ, कसैमा पनि यो अवस्थालाई नियन्त्रणमा ल्याउने इच्छाशक्ति वा क्षमता छैन ।" उनी थप्छन् : "राष्ट्रिय भेला र भड्किला बैठक आयोजना गरेर यस सङ्घर्षको अवस्थामा सहयोग प्राप्त हुने देखिन्न ।"

सन् २००९ मा सरकारी सुरक्षाफौजले अफगानिस्तानसँग सीमा जोडिएको दक्षिण वजिरीस्थानमा अखडा जमाएर बसेका लडाकूका विरुद्धमा प्रमुख सैन्य कारबाही गरेको थियो । पाकिस्तानी सैनिक नेताहरूले त्यस क्षेत्रबाट लडाकूलाई धपाइएको दाबी गरिरहेका छन् । लडाकूले गरिरहेको आक्रमणको शैली र मात्राका आधारमा विश्लेषण गर्दा यो युद्ध सकिने लक्षण छैन, युद्धको अन्त्य धेरै टाढा छ ।

नेपाल प्रेस इन्स्टिच्यूटद्वारा प्रकाशित/सम्पादकः चिरञ्जीवी खनाल/ठेगानाः हुलाक मञ्जूषाः ४१२८, थापाथली, काठमाडौँ,
फोन नं. ४-२६४१५५, ४-२६६४१८ फ्याक्स नं. २६४१५४, ई-मेलः npiktm@wlink.com.np

बाट : नेपाल प्रेस इन्स्टिच्यूट
थापाथली-७०७ प्रशुतिगृह मार्ग
पोष्ट बक्स नं. ४१२८, काठमाडौँ, नेपाल
फोन नं. ४-२६४१५५, ४-२६६४१८
फ्याक्स नं. २६४१५४

लाई :